Nepal Academy of Fine Art's Journal
LALITKALA PRAGYA
Vol. 02, No. 02, Janaury, 2026, 51-61

ISSN : 3059-9636 (Print)

# मन्दिरका टुँडालहरूमा उत्कीर्ण रतासन मूर्तिहरूको तान्त्रिक वैशिष्ट्य

**डा. माधवप्रसाद लामिछाने** [१]
*madhavlamichhane1@gmail.com*


| | | |
|---|---|---|
| लेख प्राप्त मिति : August 26, 2025 | संरचनागत परीक्षण गर्ने विज्ञ : प्रा डा नारायण गड्तौला | संशोधित लेख प्राप्त मिति : 7 Oct 2025 |
| गुणवत्ता परीक्षण गर्ने विज्ञ : श्री नारदमणि हार्तम्छाली | संशोधित लेख प्राप्त मिति : 6 Nov 2025 | लेख स्वीकृत मिति : 15 Oct 2025 |


## लेखसार

*कामकलासम्बन्धी चिन्तनको बीज सर्वप्रथम ऋग्वेदको नासदीय सूक्तमा पाइन्छ । उक्त चिन्तनलाई विस्तृत आयाम प्रदान गरी त्यसलाई दार्शनिक स्वरूप प्रदान गर्ने र त्यससम्बन्धी चिन्तनलाई साधनाको स्तरमा विकास गर्ने काम भने तान्त्रिक साहित्यमा भएको छ । तत्त्व एवं मन्त्रले युक्त विपुल ज्ञानराशिलाई विस्तार गर्ने र त्यसरी विस्तारित क्रियात्मक प्रयोगका माध्यमबाट साधकहरूको अभीष्ट पूर्ति गरी उनीहरूको रक्षा गर्ने शास्त्रविशेषलाई तन्त्र भनिन्छ । तन्त्रले जीवन र जगत्‌लाई यथार्थ मान्दछ र जीवनमा आइपर्ने विभिन्न कष्ट र समस्याहरूको निराकरण गरी यसै जीवनमा मुक्तिको आस्वादन गर्न सकिन्छ भन्ने धारणा राख्दछ । तान्त्रिक साहित्यमा कामकलाको दार्शनिक विवरण पाइन्छ । तन्त्रदर्शनअनुसार सृष्टिको परिवर्तनरहित, स्थिर एवं नित्य संवित् तत्त्वभित्र गति, अस्थिरता एवं विभिन्न रूपान्तरण तथा नामरूपात्मक रचनाको आनन्दात्मक अभिनय, कलाको विलास वा आत्मप्रकाशन हो । सृष्टितत्त्वभित्र निहित सोही आनन्दलाई नै काम संज्ञा दिइएको छ र त्यसैको बाह्यप्रकटीकरण नै कामकला हो । सोही कामकलाको चिन्तनमा आधारित रतासन मूर्तिहरू नेपालका विभिन्न मन्दिरका टुँडालहरूमा उत्कीर्ण गरिएका पाइन्छन् । नेपाली मूर्तिकलाको अध्ययनका क्रममा ती कलामा परेको तान्त्रिक प्रभावका विषयमा उल्लेख भएको भए तापनि तान्त्रिक सिद्धान्तका आधारमा विश्लेषण भएको छैन । यस शोधलेखमा कामकलासम्बन्धी चिन्तनको सैद्धान्तिक आधार प्रस्तुत गर्दै नेपाली मूर्तिकलामा भएको त्यसको प्रयोगका केही नमुनाहरू र तान्त्रिक सिद्धान्तका आधारमा तिनको वैशिष्ट्यको विश्लेषण गरिएको छ । त्यसैले नेपालका विभिन्न मन्दिरका टुँडालहरूमा उत्कीर्ण रतासन मूर्तिहरूको तान्त्रिक वैशिष्ट्यको उद्घाटन गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य हो । प्रस्तुत शोधलेखबाट यससम्बन्धी अध्ययनमा रुचि राख्ने पाठक, तन्त्रशास्त्रका विद्यार्थी, संस्कृतिकर्मी एवं यससम्बन्धी अनुसन्धानमा प्रवृत्त व्यक्तिहरूलाई प्राज्ञिक लाभ हुनेछ ।*

## शब्दकुञ्जी

कामकला, जगदानन्द, यामलभाव, रतासन, रसानन्दसमाधि ।

## परिचय

तन्त्र शब्दलाई वैदिक वाङ्मयमा विविध अर्थमा प्रयोग गरिएको छ । विस्तार गर्नु वा फैलाउनु भन्ने अर्थमा प्रयोग हुने संस्कृतको 'तन्' धातुमा 'ष्ट्रन्' प्रत्यय लागेर तथा कुटुम्बको भरणपोषण गर्ने अर्थमा प्रयोग हुने 'तन्त्रि' धातुमा 'घञ्' प्रत्यय लागेर 'तन्त्र' शब्द बन्दछ (भट्टाचार्य, सन् १९६२, पृ. ३२२३) । सर्वप्रथम 'तन्त्र' शब्दको प्रयोग ऋग्वेदमा

---

१ सहप्राध्यापक, नेपाल संस्कृत विश्वविद्यालय

पाइन्छ जहाँ उक्त शब्द धागो कात्ने चर्खाको अर्थमा प्रयोग भएको छ (ऋग्वेद, १०।७१।९) । अथर्ववेद तथा तैत्तिरीयब्राह्मणमा पनि सोही अर्थमा 'तन्त्र' शब्दको प्रयोग गरिएको छ (अथर्ववेद, १०।७।४२ तथा तैत्तिरीयब्राह्मण, २।५।५।३) । आपस्तम्बश्रौतसूत्रले 'तन्त्र' शब्दलाई धेरै खण्ड भएको विधिको अर्थमा प्रयोग गरेको छ (आपस्तम्बश्रौतसूत्र, १।१५।१) । शाङ्खायनश्रौतसूत्रले 'तन्त्र' लाई त्यस्तो कर्मको अर्थमा लिएको छ जुन एकपटक गरेपछि त्यसले अन्य विभिन्न कर्महरूको उपयोगितालाई सिद्ध गर्दछ (शाङ्खायनश्रौतसूत्र, १।१६।१६) । यजुर्वेदमा गहनाविशेष, वस्त्रविशेष तथा यज्ञको अर्थमा 'तन्त्र' शब्दको प्रयोग भएको छ (यजुर्वेद, १९।८०) । शङ्कराचार्यले साङ्ख्यसिद्धान्तलाई साङ्ख्यतन्त्र तथा पूर्वमीमांसालाई प्रथमतन्त्र भनेका छन् (वेदान्तसूत्र, २।२।१ तथा ३।३।५३) । कालिकापुराणमा शुक्राचार्य एवं बृहस्पतिका राजनीतिविषयक ग्रन्थहरूलाई पनि तन्त्र भनिएको छ (८६।१३०) । श्रीमद्भागवतमहापुराणमा देवताविशेषको अनुष्ठान गर्ने पद्धतिका रूपमा 'तन्त्र' शब्दको प्रयोग भएको । शब्दप्रयोगको उपर्युक्त सन्दर्भहरूमा हेर्दा कतै पनि 'तन्त्र' शब्दको मध्यकालिक विलक्षण अर्थ पाइँदैन । त्यसैले तन्त्रसाहित्यको अर्थमा प्रयुक्त 'तन्त्र' शब्द सर्ग, प्रतिसर्ग, मन्त्रनिर्णय, विभिन्न देवीदेवताका स्वरूप, तीर्थवर्णन, आश्रमधर्म, यन्त्रनिर्णय, व्रतवर्णन, शौचाशौचविवरण, स्वर्गनरक, राजधर्म, स्त्रीधर्म, पुरुषधर्म, अध्यात्म आदि विषयवस्तुहरूको समावेश रहेको शास्त्रविशेषको अर्थमा रूढ भएको देखिन्छ। मध्यकालमा विकसित भएका तन्त्रग्रन्थहरूमा यक्ष, यक्षिणी, भूत, प्रेत, पिशाच आदिलाई सिद्ध गर्ने रहस्यात्मक विधिविधान; मारण, मोहन, स्तम्भन, उच्चाटन, विद्वेषण र वशीकरण यी अभिचारात्मक षट्कर्मको विधि र प्रक्रिया; जादूटोना, झारफुक आदि विषयवस्तुहरूको वर्णन पाइने हुनाले त्यस्ता ग्रन्थहरू पनि तन्त्रका रूपमा परिचित हुन पुगेको देखिन्छ ।

हरप्रसाद शास्त्रीका अनुसार तन्त्र बीजगणितका सूत्रझैँ अति सूक्ष्म सूत्ररूप छन् र तिनमा मन्त्रका अनेक वर्णहरूको समष्टि रहेको हुन्छ (चक्रवर्ती, सन् १९७२, पृ. १ मा उद्धृत) । गोपीनाथ कविराज (सन् १९७७) का अनुसार विस्तारपूर्वक रक्षा गर्ने विज्ञानले युक्त ज्ञान नै तन्त्र हो (पृ. ६२) । पाश्चात्त्य विद्वान् एफ.डि. कोलावरला (सन् १९७६)का अनुसार मानवजीवनका मनोभाव तथा वासना आदि समस्त क्षेत्रका व्यावहारिक प्रयोगहरूको साधन नै तन्त्र हो जसका माध्यमबाट कामशक्ति, चेतना, मनोवैज्ञानिक स्वास्थ्य तथा मानस प्रभुत्वको प्राप्ति सम्भव छ (पृ.३०–३१) । महर्षि अरविन्दका अनुसार व्यक्तित्वको विकासमा निहित विभिन्न प्रकारका वैशिष्ट्य तथा पद्धतिहरूको एकीभाव नै तन्त्र हो (पण्डित, सन् १९७२, पृ.१) । अजितागमका अनुसार –

> तनोति विपुलानर्थान् तत्त्वमन्त्रसमन्वितान् ।
> त्राणं च कुरुते यस्मात्तन्त्रमित्यभिधीयते ॥ (अजितागम, १।७ )

अर्थात् जसले तत्त्व एवं मन्त्रले युक्त विपुल ज्ञानराशिलाई विस्तार गर्छ र उक्त विस्तारित क्रियात्मक प्रयोगका माध्यमबाट साधकहरूको अभीष्ट पूर्ति गरी उनीहरूको रक्षा गर्छ त्यस शास्त्रविशेषलाई तन्त्र भनिन्छ। यसप्रकार माथि बताइएका लक्षण र परिभाषाहरूका आधारमा मानवीय जीवनका विभिन्न व्यावहारिक प्रयोगहरूले युक्त लौकिक एवं अलौकिक सिद्धि प्राप्त गर्ने उपायभूत साधनाशास्त्रलाई नै तन्त्र भनिन्छ। तन्त्रले जीवन र जगत्लाई यथार्थ मान्दछ र जीवनमा आइपर्ने विभिन्न कष्ट र समस्याहरूको निराकरण गरी यसै जीवनमा मुक्तिको आस्वादन गर्न सकिन्छ भन्ने धारणा राख्दछ।

विस्तार गर्नु वा फैलाउनु भन्ने अर्थमा प्रयोग हुने तन् धातु र कुटुम्बको भरणपोषण गर्ने अर्थमा प्रयोग हुने तत्रि धातुबाट तन्त्र शब्दको निर्माण भएकाले सांसारिक क्रियाकलापको विस्तार नै तन्त्रको मूलभूत अर्थ देखिन्छ। सांसारिक क्रियाकलापको विस्तारको सम्बन्ध प्रवृत्तिमार्गसँग रहेको छ। तन्त्रले जीवन र जगत्लाई यथार्थ मान्ने भएकाले तन्त्र एवं तन्त्रवादको मूल स्वभाव सांसारिक क्रियाकलापको विस्तार गर्दै सोही क्रियाकलापमा भोग र मोक्षको आस्वादन गर्नु हो भन्ने बुझिन्छ।

नेपाल तन्त्रसाधनाभूमि भएकाले तन्त्रमा आधारित साधनाप्रणालीका विभिन्न स्वरूप यहाँ देख्न पाइन्छ। तान्त्रिक देवीदेवताका मन्दिरका वास्तुकला, यामलभावमा आधारित मूर्तिकला एवं चित्रकला आदिमा तन्त्र एवं तन्त्रवादको प्रभाव पाइन्छ। कामकलासम्बन्धी चिन्तनको स्थूल अभिव्यक्ति काष्ठ तथा पाषाणमूर्तिका रूपमा मन्दिरका टुँडाल तथा भित्ताहरूमा पाइन्छ। नेपाली बृहत् शब्दकोशअनुसार घर बनाउँदा गाह्रामा टेकाई छड्के पारी राखिने पानीबलो अड्याउने काठलाई टुँडाल भनिन्छ। यसअनुसार मन्दिरका छानालाई टेको दिनका लागि गाह्रामा अड्याई छड्के पारेर राखिएका काठ नै टुँडाल हुन्। नेपालमा काठमाडौँ उपत्यकाभित्र हनुमान्ढोकाको जगन्नाथमन्दिर, नक्साल भगवती मन्दिर, पशुपतिको राजराजेश्वरी मन्दिर आदिका साथै बनारसको ललिताघाटमा अवस्थित पशुपति मन्दिरका टुँडालहरूमा रतासन वा मैथुनरत मूर्तिहरू पाइन्छन्। मानव वा मानवेतर प्राणीहरूका मैथुनरत मूर्तिहरूलाई नै यहाँ रतासन मूर्ति भनिएको छ र यस लेखमा मन्दिरका टुँडालहरूमा उत्कीर्ण तिनै रतासन मूर्तिहरूको तान्त्रिक वैशिष्ट्यको अध्ययन गरिएको छ।

## समस्याकथन

नेपाली मूर्तिकलामा तान्त्रिक कामकलासम्बन्धी चिन्तनमा आधारित काष्ठकला र पाषाणकलाका प्रशस्त उदाहरणहरू भेटिन्छन्। नेपालको मूर्तिकला र यसको वैशिष्ट्यका विषयमा विभिन्न विद्वान्हरूले अध्ययन गरेको भए तापनि त्यसको सैद्धान्तिक पर्याधारका विषयमा पर्याप्त खोज नभएकाले कामकलासम्बन्धी चिन्तनको दार्शनिक सिद्धान्त के हो र नेपालमा विभिन्न मन्दिरका टुँडालहरूमा उत्कीर्ण रतासन मूर्तिहरूको तान्त्रिक वैशिष्ट्य के हो भन्ने शोधसमस्यालाई नै यस लेखको मुख्य समाधेय विषय बनाइएको छ।

## अध्ययनविधि

काठमाडौँका मन्दिरका टुँडालहरूमा उत्कीर्ण रतासन मूर्तिहरूको तान्त्रिक वैशिष्ट्यसम्बन्धी अध्ययनका लागि प्राथमिक र द्वितीयक दुवै खालका स्रोतसामग्रीहरूको उपयोग गरिएको छ। यो लेख तयार गर्ने सन्दर्भमा काठमाडौँका विभिन्न मन्दिरका टुँडालहरूमा उत्कीर्ण रतासनमूर्तिहरूको स्थलगत निरीक्षण गरी तीमध्ये केही महत्त्वपूर्ण तस्बिरहरू प्राथमिक स्रोतसामग्रीका रूपमा सङ्कलन गरी यहाँ समावेश गरिएको छ भने द्वितीयक स्रोतसामग्रीका रूपमा सम्बद्ध विषयसम्बन्धी उपलब्ध पुस्तकहरूलाई आधार बनाइएको छ। प्राप्त तथ्यहरूलाई विवरणात्मक एवं विश्लेषणात्मक ढाँचाको अवलम्बन गरी निष्कर्षमा पुग्ने प्रयत्न गरिएको छ।

## तन्त्रमा कामकलासम्बन्धी चिन्तन

निगम र आगम दुवै धारामा कामकलासम्बन्धी चिन्तन पाइन्छ। तन्त्रले यससम्बन्धी चिन्तनमा नयाँ आयाम प्रस्तुत गऱ्यो र यसलाई भावनात्मक मोड दिई धर्म, कला, साहित्य र संस्कृतिमा व्यापक बनाइदियो। तान्त्रिक कामकलासम्बन्धी चिन्तनको बीजका रूपमा ऋग्वेदको नासदीयसूक्तको निम्नलिखित ऋचालाई लिन सकिन्छ–

कामस्तदग्रे समवर्तताधि मनसो रेतः प्रथमं यदासीत्। सतो बन्धुमसति निरविन्दन् हृदि प्रतीष्या कवयो मनीषा (नासदीयसूक्त, ४)। सृष्टिपूर्व सम्पूर्ण जगत्लाई आफूभित्र आत्मसात् गरेका परमेश्वरको मनमा सृष्टि गर्ने इच्छा उत्पन्न भयो। परमेश्वरको मनमा उत्पन्न भएको सृष्टि गर्ने इच्छालाई नै यहाँ 'काम'को संज्ञा दिइएको छ। जब परमेश्वरको मनमा सृष्टि गर्ने इच्छारूप काम तत्व उत्पन्न हुन्छ तब उसले विराट प्रकृतिलाई योनि बनाएर त्यसैमा गर्भको आधान गर्छ र जगत्को रचना हुन्छ। श्रीमद्भगवद्गीताको निम्नलिखित श्लोकले त्यही भावलाई व्यक्त गरेको छ–

> मम योनिर्महद्ब्रह्म तस्मिन् गर्भं दधाम्यहम्।
> सम्भवः सर्वभूतानां ततो भवति भारत॥
> सर्वयोनिषु कौन्तेय मूर्तयः सम्भवन्ति याः।
> तासां ब्रह्म महद्योनिरहं बीजप्रदः पिता॥ (श्रीमद्भगवद्गीता, १४।३–४)

अर्थात् महद्ब्रह्म प्रकृति मेरो योनि हो, त्यसैमा म गर्भको आधान गर्दछु। त्यसपछि महत्(बुद्धि) आदि क्रमले समस्त सृष्टिको रचना हुन्छ। देव, पितृ, मनुष्य, पशु आदि योनिमा देहधारी जति पनि प्राणीहरू छन् ती सबैलाई उत्पन्न गर्ने माता प्रकृति हुन् भने तिनमा बीज प्रदान गर्ने पिता म हुँ।

लोकमा पनि यही व्यवहार देखिन्छ। सन्तानोत्पत्तिको कामनाले नै पुरुषले आफ्नी स्त्रीमा गर्भको आधान गर्दछ। सिसृक्षारूप काम पनि भगवान्‌कै अंश हो। श्रीमद्भागवत महापुराणमा भनिएको छ–

> कामस्तु वासुदेवांशः (१०।५५।१)

लोकमा पनि काम वा इच्छा र प्रेमको मुख्य विषय आनन्द नै दखिन्छ। प्रेम, आनन्द, रस आत्माकै रूप हुन्। त्यसैले रसरूप आनन्दबाट नै समस्त विश्वको उत्पत्ति भएको प्रसङ्ग उपनिषद्‌मा पाइन्छ। तान्त्रिक मतमा सृष्टिपूर्वको अवस्थामा शिव र शक्ति अविभक्त समरसाकार स्वरूपमा रहेका हुन्छन्। त्यस अवस्थालाई तन्त्रमा परम शिवावस्था भनिएको छ। परमेश्वरको मनमा जब सृष्टि गर्ने इच्छा उत्पन्न हुन्छ तब विमर्श वा बोधरूप शक्ति चाहिँ प्रकाश वा ज्ञानरूप शिवबाट भिन्नभैँ भएर देखा पर्छिन्। दुवै ऐनाभैँ निर्मल भएकाले एकअर्कामा प्रतिबिम्बित हुन्छन् र परिपूर्ण अहंस्वरूप महाबिन्दु भासित हुन्छ। सो महाबिन्दुमा सेतो, रातो र मिश्र गरी तीनवटा बिन्दु रहेका छन्। सेतो बिन्दु प्रकाशस्वरूप शिव हो भने रातो बिन्दु विमर्शस्वरूप शक्ति हो। ती दुवैको समरसभाव मिश्रबिन्दु हो। प्रकाशस्वरूप सेतो बिन्दुलाई अग्नि संज्ञा दिइएको छ भने विमर्शस्वरूप रातो बिन्दुलाई सोम संज्ञा दिइएको छ। ती दुवैको समरस मिश्रबिन्दुलाई सूर्यस्वरूप कामबिन्दु भनिएको छ। त्यसैले प्रकाशस्वरूप सेतोबिन्दु र विमर्शस्वरूप रातोबिन्दु सूर्यस्वरूप कामबिन्दुका अग्नि र सोम नामक कला हुन्। सोही सूर्यस्वरूप कामबिन्दुका कलास्वरूप अग्नि र सोमलाई वीर्यरूप शुक्लबिन्दु र रजरूप रक्तबिन्दुको रूपमा स्थूल अभिव्यक्ति दिँदै सृष्टिका लागि आवश्यक यामलभावका रूपमा कलाकारहरूले मन्दिरका टुँडालमा विभिन्न रतासन मूर्तिहरूको निर्माण गरेको पाइन्छ। शिव वा शक्ति एक्लैबाट सृष्टिप्रक्रिया सम्भव हुँदैन। शिव र शक्तिको संयुक्त अवस्थाबाट मात्र सृष्टिप्रक्रिया सम्भव हुन्छ। लोकमा पनि स्त्री र पुरुषको मैथुनबाट वा शुक्लबिन्दुरूप वीर्य र रक्तबिन्दुरूप रजको मिलनबाट मात्र सन्तानोत्पादन हुने कुरा सिद्ध नै छ। उपर्युक्त भावलाई वरिवस्यारहस्य नामक ग्रन्थमा यसरी लेखिएको छ–

> यथा हि कश्चित् पुरुष उत्पत्स्यमानपुत्राद्यदृष्टवशादुत्पादनेच्छाविष्टः स्वीयामुत्पादनशक्तिमवलोक्य स्वार्धशरीरात्मिकायां भार्यायां स्वयमन्तः प्रविशति शुक्लरूपेण,...। ततस्तस्य शुक्लस्यान्तः शोणितबिन्दुरूपेण भार्या प्रविशति (वरिवस्यारहस्य, प्रकाशव्याख्या, पृ. २५१)

अर्थात् पति र पत्नीको सम्भोगका क्रममा वीर्यरूप शुक्लबिन्दु पत्नीको गर्भमा प्रवेश गर्छ, पति त्यसैका माध्यमबाट स्वयं पत्नीको गर्भमा प्रवेश गर्छ। गर्भमा प्रविष्ट वीर्यरूप शुक्लबिन्दुमा पत्नीको रजरूप रक्तबिन्दु प्रवेश गर्छ र त्यसैका माध्यमबाट पत्नी पनि गर्भमा प्रविष्ट हुन्छे। रसरूप आनन्दबाट नै समस्त विश्वको उत्पत्ति भएको प्रसङ्ग माथि उल्लेख भइसकेको छ। सोही रसरूप आनन्दको भौतिक अभिव्यक्ति स्त्रीपुरुषको मैथुनको रूपमा हुने कुरा पनि सिद्ध नै छ। त्यसैले सन्ततिविस्तार र जगदानन्दको अनुभूतिका लागि मैथुनको आवश्यकतालाई वेद तथा तन्त्र दुवैले समान महत्त्व दिएको देखिन्छ। मैथुन वास्तवमा सृष्टिक्रमलाई धारावाहिक रूपले सञ्चालन गर्ने नियतिको प्रेरक तत्त्व र जीवनधारक तत्त्व हो। बृहदारण्यकोपनिषद्‌ले स्त्री र पुरुषको एकअर्काप्रतिको आकर्षण र तज्जन्य मैथुनको आवश्यकतालाई यसरी औँल्याएको छ -

> स वै नैव रेमे तस्मादेकाकी न रमते स द्वितीयमैच्छत् स हैतावानास यथा स्त्रीपुमांसौ संपरिष्वक्तौ स इममेवात्मानं द्वेधा पातयात्ततः पतिश्च पत्नी चाभवतां तस्मादिदमर्धबृगलमिव स्व इति ह स्माह याज्ञवल्क्यस्तस्मादयमाकाशः स्त्रिया पूर्यत एव तां समभवत्ततो मनुष्या अजायन्त (१।४।३)

अर्थात् ऊ एक्लो हुँदा रमाएन, एक्लो हुँदा कोही पनि रमाउँदैन, त्यसैले उसले दोस्रो व्यक्तिको इच्छा गऱ्यो र उसले

एकअर्काको अँगालोमा कसिएका स्त्रीपुरुषको जत्रो आकार लियो अनि आफूलाई स्त्री र पुरुषरूप दुई भागमा बाँडेर लोग्नेस्वास्नी बन्यो र ती दुईको मैथुनबाट मनुष्यहरू जन्मे ।

संसारमा स्त्री र पुरुष अर्थात् भाले र पोथीको मैथुनबाट नै सम्पूर्ण प्राणीहरूको उत्पत्ति भएको देखिन्छ र हरेक प्राणीमा स्त्री र पुरुषप्रति परस्पर आकर्षण र मैथुनको प्रवृत्ति समान देखिन्छ । अतः मैथुनको सार्वभौम आवश्यकतालाई महसुस गरी वेदले यसलाई कामयज्ञको रूपमा प्रस्तुत गरेको छ भने तन्त्रले साधनाको उच्चतम साधन मानेको छ । मैथुनक्रियालाई वाजपेययज्ञसँग तुलना गर्दै यसको प्रशंसामा बृहदारण्यकोपनिषद्मा भनिएको छ -

> तस्या वेदिरूपस्थो लोमानि बर्हिश्चर्माधिषवणे समिद्धो मध्यतस्तौ मुष्कौ स यावान ह वै वाजपेयेन यजमानस्य लोको भवति तावानस्य लोको भवति य एवं विद्वानधोपहासं चरत्यासां स्त्रीणां सुकृतं वृङ्क्तेऽथ य इदमविद्वानधोपहासं चरत्यस्य स्त्रियः सुकृतं वृञ्जते (६।४।३)

अर्थात् स्त्रीको योनि वेदि हो, योनिमा उम्रिएका रौँहरू कुश हुन्, योनिको पार्श्वभागमा उठेको छाला अधिषवण नामक सोम निचोर्ने फल्याक हो, योनिको मध्यभाग अग्नि हो, वाजपेययज्ञले यजमानलाई जति फल प्राप्त हुन्छ त्यति मैथुनविज्ञान जान्नेको मैथुनक्रियाले हुन्छ । जो मैथुनविज्ञानलाई राम्ररी जानेर मैथुन गर्दछ त्यसले स्त्रीको पुण्यलाई आफूतिर खिच्दछ भने जसले मैथुनविज्ञानलाई नजानिकन मैथुन गर्दछ त्यसको पुण्य स्त्रीले खिच्दछे । यसबाट ज्ञानपूर्वक गरिने मैथुनले पुण्यवृद्धि हुने धारणा वेदमा रहेको स्पष्ट हुन्छ ।

यहाँनेर के कुरा स्मरणीय छ भने तन्त्रले सांसारिक क्रियाकलापलाई निषेध गर्दैन । अतः सृष्टिप्रक्रियाको निरन्तरताका लागि आवश्यक मैथुनलाई तन्त्रले अत्यन्त ठुलो महत्त्व दिएको छ । तन्त्रले मैथुनलाई सन्ततिविस्तारका लागि आवश्यक क्रियाका रूपमा मात्रै होइन जगदानन्दको अनुभूतिका लागि साधनाकै रूपमा उच्चतम स्थान दिएको छ । तन्त्रले आद्ययागका रूपमा मैथुनलाई जगदानन्दको अनुभूतिका लागि साधनाका रूपमा उपयोग गर्ने मार्ग देखाएको छ । तन्त्रमा मात्रै होइन वेदमा पनि मैथुनक्रियालाई सन्तानोत्पत्तिमा मात्र सीमित राख्ने धारणा थिएन । केवल शारीरिक आनन्दका लागि पनि सम्भोग गर्ने प्रचलन थियो त्यसैले स्त्री गर्भवती नहोस् भनेर मन्त्रको प्रयोगद्वारा वीर्यपात हुन नदिन अपानन कर्म गरिन्थ्यो । बृहदारण्यकोपनिषद्मा भनिएको छ–अथ यामिच्छेन्न गर्भं दधीतेति तस्यामर्थं निष्ठाय मुखेन मुखं सन्धायाभिप्राण्यापान्यादिन्द्रियेण ते रेतसा रेत आदद इत्यरेता एव भवति अर्थात्  जुन पुरुषले आफ्नी स्त्रीले गर्भधारण नगरोस् भन्ने इच्छा राख्छ त्यसले पत्नीको योनिमा आफ्नो लिंग पसालेर उसको मुखमा मुख जोडेर अभिप्राणन कर्मले अपानन कर्म गरोस् र इन्द्रियस्वरूप वीर्यले तिम्रो शोणितरूप गर्भ ग्रहण गर्ने शक्तिलाई ग्रहण गर्छु भनेर सम्भोग गरेमा वीर्यपात नभई स्त्रीले गर्भधारण गर्दिन ।

तन्त्रमा मैथुनलाई साधनाको एउटा अङ्गका रूपमा ग्रहण गर्नुको आशय पनि मैथुनजन्य आनन्दको पूर्ण उपभोगपूर्वक त्यसबाट साधकलाई निवृत्तिको मार्गमा लैजानु नै हो । मैथुनक्रियामा मानिसको स्वाभाविक प्रवृत्ति हुने हुनाले त्यसलाई व्यवस्थित र मर्यादित गर्न एवं अन्ततः त्यसबाट निवृत्त गराउन नै मैथुनलाई साधनामा समावेश गरिएको हो ।

## मन्दिरका टुँडालहरूमा पाइने रतासनमूर्ति र तिनको वैशिष्ट्य

कामकलासम्बन्धी चिन्तनहरूको स्थूल अभिव्यक्ति काष्ठ तथा पाषाण मूर्तिका रूपमा मन्दिरका टुँडाल तथा भित्ताहरूमा पाइन्छ । नेपालमा काठमाडौँ उपत्यकाभित्र हनुमानूढोकाको जगन्नाथमन्दिर, ललितपुरको पञ्चनारायण मन्दिर, नक्साल भगवती मन्दिर, पशुपतिको भुवनेश्वरी मन्दिर, ज्ञानेश्वर मन्दिर आदिका टुँडालहरूमा रतासनमूर्तिका प्रशस्त उदाहरणहरू पाइन्छन् । यसका साथै नेपाली मन्दिरका रूपमा प्रसिद्ध वनारसमा रहेको पशुपतिनाथ मन्दिरको टुँडालमा पनि रतासनमूर्तिहरू रहेका छन् । यस लेखमा पशुपतिक्षेत्रमा रहेको राजराजेश्वरी मन्दिर, हनुमानूढोकामा अवस्थित जगन्नाथ मन्दिर, बनारसको ललिताघाटमा अवस्थित पशुपतिनाथ मन्दिर र नक्साल भगवती मन्दिरमा रहेका केही रतासन मूर्तिका नमुनाहरू राखिएका छन् । पशुपतिक्षेत्रमा रहेको राजराजेश्वरी मन्दिरको निर्माण ने.सं. ५२८ (वि.सं. १४६४) माघकृष्णअष्टमी रविवारका

दिन जयधर्म मल्ल र जयज्योतिर् मल्लका पालामा भएको कुरा सोही मन्दिरको पेटीमा रहेको अभिलेखबाट थाहा पाइन्छ (टण्डन, वि.सं. २०५६, पृ. ५३)। त्यसगरी हनुमान्ढोकामा रहेको जगन्नाथ मन्दिरको निर्माण महेन्द्र मल्लको शासनकालमा वि.सं. १६२० मा भएको हो। बनारसको ललिताघाटमा अवस्थित पशुपतिनाथ मन्दिरको निर्माण राजा रणबहादुर शाहको बनारस प्रवासको समय वि.सं. १८५७ मा सुरु भई करिब तीन दशकमा सम्पन्न भएको हो। नक्साल भगवती मन्दिरको स्थापना लिच्छविकालमा राजा शङ्करदेवको पालामा वि.सं. ६६४ मा भएको इतिहासमा उल्लेख पाइन्छ। उक्त मन्दिरले वर्तमान स्वरूप भने विक्रमको सत्रौँ शताब्दीमा पाएको हो। माथि उल्लिखित मन्दिरका टुँडालमा रहेका रतासन मूर्तिका नमुनाहरू यसप्रकार रहेका छन्-




तस्बिर १ः पशुपतिक्षेत्रमा अवस्थित राजराजेश्वरी मन्दिरमा रहेको राजराजेश्वरी मन्दिरको टुँडालमा उत्कीर्ण रतासन मूर्ति



तस्बिर २ः पशुपतिक्षेत्रमा अवस्थित राजराजेश्वरी मन्दिरमा रहेको राजराजेश्वरी मन्दिरको टुँडालमा उत्कीर्ण रतासन मूर्ति




तस्बिर ३ : हनुमान्ढोकामा अवस्थित जगन्नाथ मन्दिरको टुँडालमा उत्कीर्ण रतासन मूर्ति




तस्बिर ४ : हनुमान्ढोकामा अवस्थित जगन्नाथ मन्दिरको टुँडालमा उत्कीर्ण रतासन मूर्ति



तस्बिर ५ : बनारसको ललिताघाटमा अवस्थित पशुपतिनाथ मन्दिरको टुँडालमा उत्कीर्ण रतासन मूर्ति



तस्बिर ६ : बनारसको ललिताघाटमा अवस्थित पशुपतिनाथ मन्दिरको टुँडालमा उत्कीर्ण रतासन मूर्ति



तस्बिर ७ : बनारसको ललिताघाटमा अवस्थित पशुपतिनाथ मन्दिरको टुँडालमा उत्कीर्ण रतासन मूर्ति



तस्बिर ८ : नक्साल भगवती मन्दिरको टुँडालमा उत्कीर्ण रतासन मूर्ति



तस्बिर ९ : नक्साल भगवती मन्दिरको टुँडालमा उत्कीर्ण रतासन मूर्ति

माथिका रतासन मूर्तिहरूलाई स्थूल दृष्टिले हेर्दा यिनमा अश्लीलता झल्किनु स्वाभाविकै हो तर मन्दिरमा उत्कीर्ण गरिएका ती कलाकृतिहरू लौकिक रतिलीलाको अभिव्यक्ति नभई शिव र शक्तिको सामरस्य वा जीवात्मा र परमात्माको संयोगका द्योतक हुन् । ती मूर्तिहरूमा देखिने पुरुष आकृति ब्रह्म वा शिवको प्रतीक हो भने स्त्री आकृति जीव वा जगत्को प्रतीक हो । सम्पूर्ण जगत् परमशिवको स्वातन्त्र्यशक्तिको विलास भएकाले जगत्लाई शक्तिको विस्तारका रूपमा र परम शिवलाई शक्तिमान्का रूपमा व्याख्या गरिएको छ । तन्त्रालोकमा भनिएको छ–

शक्तयोऽस्य जगत्कृत्स्नं शक्तिमांस्तु महेश्वरः । (तन्त्रालोक, ८।३४)

ती परब्रह्मस्वरूप वासुदेव नै पुरुष हुन् भने तदतिरिक्त सम्पूर्ण जगत् स्त्रीस्वरूप हुन् । शक्ति र शक्तिमान्को यामलभाव आनन्दको उच्छलनात्मक अवस्था हो जहाँबाट सृष्टिको आरम्भ हुन्छ त्यसैले शक्ति र शक्तिमान्को यामलभावस्वरूप आनन्दपूर्ण अवस्थालाई बुझाउनका लागि कलाकारहरूले रतासन मूर्तिहरूको कल्पना गरेको बुझिन्छ । शिव र शक्तिको यही यामलभाव यन्त्र वा मण्डलका रूपमा अभिव्यक्त हुँदा षट्कोणको रूप लिन पुग्छ । षट्कोणमा रहेको ऊर्ध्वमुख त्रिकोण शिव वा वैदिक अग्निको प्रतीक हो भने अधोमुख त्रिकोण शक्ति वा वैदिक सोमको प्रतीक हो ।

योगमार्गमा समाधिका विभिन्न प्रणालीमध्ये रसानन्दयोगसमाधि पनि एक हो । घेरण्डसंहितामा रसानन्दसमाधिको विधि यसप्रकार बताइएको छ –

योनिमुद्रां समासाद्य स्वयं शक्तिमयो भवेत् ।
सुश्रृंगाररसेनैव विहरेत् परमात्मनि ।।
रसानन्दमयो भूत्वा ऐक्यं ब्रह्मणि सम्भवेत् ।
अहं ब्रह्मेति वाऽद्वैतं समाधिस्तेन जायते ।।(घेरण्डसंहिता)

अर्थात् साधकले योनिमुद्राको साधना गरी वा योनिमुद्राजन्य रसको आस्वादन गरी शक्तिमय हुनू अर्थात् आफूलाई

स्त्रीभावले युक्त बनाउनू । त्यसपछि परब्रह्मलाई पुरुषका रूपमा कल्पना गरी शृङ्गाररसले युक्त भई उक्त परमात्माका साथ रमण गर्नू । यसरी रमण गर्दागर्दै आनन्दरसमा डुबेर साधक ब्रह्मका साथ एकाकार बन्न पुग्छ । यस प्रकार म ब्रह्म हुँ, म अद्वैत तत्त्व हुँ भन्ने पूर्ण बोध भएपछि साधक रसानन्दयोगसमाधिमा लीन हुन्छ । शक्तितत्त्वसँग एकाकारबोध भएपछि नै शिवका साथ एकात्म्यलाभको स्थिति उत्पन्न हुन्छ । विज्ञानभैरवमा भनिएको छ–

शक्त्यवस्थाप्रविष्टस्य निर्विभागेन भावना ।
तदाऽसौ शिवरूपी स्यात् शैवीमुखमिहोच्यते ।। (विज्ञानभैरव, श्लोक २०)

यही रसानन्दसमाधिको प्रक्रियालाई मूर्त रूपमा अभिव्यक्त गर्दा कलाकारहरूले चित्रकला वा मूर्तिकलामा रतासन मूर्तिहरूको निर्माण गरेको देखिन्छ । यहाँ मिथुनमूर्ति भन्नेबित्तिकै स्त्रीपुरुषको मूर्ति सम्झनुपर्दछ ।

## मन्दिरका टुँडालहरूमा उत्कीर्ण रतासन मूर्तिहरूमा ललितकलाका तन्त्रविधिहरूको शिल्पगत विशेषता

नेपालका प्राचीन मन्दिरहरू विशेषतः मध्यकालिक नेवारी शैलीका मन्दिरका टुँडालहरूमा देखिने रतासन मूर्तिहरू केवल यौन प्रदर्शन नभई तान्त्रिक ललितकलाको गहिरो प्रतीकात्मक भाष्य हुन् । तिनमा निहित तन्त्रविधिका शिल्पगत विशेषता यसप्रकार छन् –

**प्रतीकात्मकता** : रतासनमा पुरुष र स्त्रीको एकत्व शिवशक्तिमिलनको रूपक हो जसले सृष्टिऊर्जा र ब्रह्माण्डीय शक्ति एकताको दर्शन प्रस्तुत गर्दछ ।

**सन्तुलन र समरसता** : मूर्तिहरूमा शारीरिक र मानसिक एकाग्रता, गति र स्थैर्यबिचको सन्तुलनलाई कलात्मक रूपले उत्कीर्ण गरिएको हुन्छ ।

**शिल्पगत सौन्दर्य** : शरीरका मुद्रा, अनुपात, र रेखाहरूमा अत्यन्त सूक्ष्मता देखिन्छ । यो केवल शारीरिक रूप नभई आध्यात्मिक र ऊर्जात्मक प्रवाहको अभिव्यक्ति हो ।

**तान्त्रिक मुद्रा र भाव** : मूर्तिहरूमा ध्यान मुद्रा, परमानन्द भाव, आध्यात्मिक एकत्वका सङ्केतहरू पाइन्छन् जसले तान्त्रिक योगको प्रयोगलाई मूर्त रूपमा प्रस्तुत गर्दछ ।

## कलाकारहरूको भाव, विम्ब र प्रस्तुतिशैलीको कालगत अर्थ

विभिन्न कालखण्डमा कलाकारहरूको भाव र विम्बमा अर्थपरिवर्तन देखिन्छ । उदाहरणका लागि मध्यकालका रतासनमूर्तिहरू शिवशक्ति मिलन, सृजन, तान्त्रिक साधना, सृष्टिशक्ति र आध्यात्मिक एकत्वका प्रतीक बनेका छन् । उत्तर-मध्यकाल वा मल्लकालको उत्तरार्धका रतासन मूर्तिहरूमा कामभोग, सौन्दर्य, आलङ्कारिक प्रस्तुति, मानवीय प्रेम र इन्द्रियगत सौन्दर्यको अभिव्यक्तिका प्रतीक बनेका छन् । आधुनिक कालका रतासन मूर्तिहरूमा यौन मनोविज्ञान र जैविक ऊर्जालाई कलाका माध्यमबाट चेतनामा रूपान्तरण गर्ने प्रयास गरिएको छ ।

## तान्त्रिक दृष्टिले यौन मनोविज्ञान तथा जैविक प्रसारणमा कलाको भूमिका

तान्त्रिक दृष्टिले यौन ऊर्जा केवल भोग होइन, जीवनऊर्जा (कुण्डलिनी शक्ति) हो । कलाकारहरूले यस ऊर्जालाई सृजनात्मक अभिव्यक्तिमा रूपान्तरण गर्छन् । त्यसैले तान्त्रिक दृष्टिले यौन मनोविज्ञान तथा जैविक प्रसारणमा कलाको निम्नलिखित भूमिका रहन्छ–

(क) मानव मनोविज्ञानमा यौन-ऊर्जाप्रति सकारात्मक दृष्टिकोण ल्याउँछ,

(ख) जैविक प्रसारण र सृजनात्मकताबिच सम्बन्ध जोड्छ,
(ग) आध्यात्मिक उत्कर्षको मार्ग खुला गर्दछ ।

## तान्त्रिक कलाको रुपान्तरण र न्युड कलामा यसको आधुनिक प्रस्तुति

तान्त्रिक न्युड कलाले शरीरलाई कामका रूपमा नभई सृष्टिको माध्यमका रूपमा चित्रण गर्दछ भने आधुनिक न्युड कला वैयक्तिक स्वतन्त्रता, शारीरिक स्वीकृति र सौन्दर्यगत अनुभूतिको प्रतीक बनेको छ । यसको समसामयिक प्रवृत्तिको कुरा गर्दा आधुनिक कलाकारहरूले न्युड रूपलाई पहिचान, लैङ्गिकता, शरीरराजनीति र स्व-अभिव्यक्तिको माध्यम बनाएका छन् ।

## विधि र शैलीगत विकास

मध्यकालिक रतासन मूर्तिहरूमा रेखा र रङको प्रयोगले ऊर्जाप्रवाह जनाउने प्रवृत्ति पाइन्छ भने उत्तरमध्यकालका रतासन मूर्तिहरूमा कामभोग, सौन्दर्य, आलङ्कारिक प्रस्तुति, मानवीय प्रेम र इन्द्रियगत सौन्दर्यको अभिव्यक्तिलाई जनाउने प्रवृत्ति पाइन्छ । आधुनिक कालका न्युड कलामा आध्यात्मिक प्रतीकहरूसँग आधुनिक भावनात्मक र सामाजिक सन्देशको संयोजन पाइन्छ । त्यसका साथै डिजिटल र मिक्स-मिडिया कलामा पनि तान्त्रिक अवधारणाको पुनर्व्याख्या प्रारम्भ भएको छ ।

## निष्कर्ष

तान्त्रिक कलाको मूल उद्देश्य सृष्टि, चेतना र ऊर्जाको समग्र अनुभव हो । यसले परम्परागत टुँडालमा उत्कीर्ण रतासन मूर्तिदेखि आधुनिक न्युड कलासम्म मानवशरीर र आत्माबिचको सम्बन्धलाई कलात्मक रूपमा निरन्तर विकसित गर्दै आएको छ । यसले गर्दा शरीर र यौनलाई पवित्र दृष्टिले हेर्ने चेतना बढेको छ भने लाज र निषेधको संस्कारबाट स्वीकृति र आत्मबोधतिरको रूपान्तरण प्रारम्भ भएको छ । यसले कला र आध्यात्मिकताबिच नयाँ सम्बन्ध सिर्जना गरेको छ । तन्त्र वास्तवमा मानवीय जीवनका व्यावहारिक प्रयोगहरूले युक्त साधनाशास्त्र हो । तन्त्रले लोकव्यवहारमा प्रचलित आस्था र जनविश्वासका साथै विविध चिन्तनलाई समेटेको छ । मानवीय जीवनमा ज्यादै महत्त्वपूर्ण भूमिका खेल्ने कामसम्बन्धी विषयलाई अध्यात्मसँग जोडेर यसलाई कलाको रूप दिनु तन्त्रको महत्त्वपूर्ण विशेषता हो ।

### सन्दर्भ सामग्री सूची

त्रिपाठी, मृत्युञ्जय (सम्पा.)(सन् २००३). *कालिकापुराण.* नवशक्ति प्रकाशन

द्विवेदी, व्रजवल्लभ(सं.) (सन् १९८४). *विज्ञानभैरव* (द्वितीय संस्करण). मोतीलाल बनारसीदास ।

निश्चलानन्दसरस्वती (व्याख्या.)(२०७३).*नासदीयसूक्त.* श्रीमज्जगद्गुरु–शङ्कराचार्य–गोवर्द्धनमठ–पुरीपीठ ।

पणशीकर, वासुदेवलक्ष्मण (सम्पा.) (सन् १९९०), *ईशाद्यष्टोत्तरशतोपनिषदः,* चौखम्बा विद्याभवन ।

महादेव शास्त्री (सम्पा.)(सन् १९८५).*तैत्तिरीयारण्यक.* मोतीलाल बनारसीदास ।

रामस्वरूप गौड (सम्पा.)(सन् १९९०).*अथर्ववेदसंहिता (सायणभाष्य–भाषानुवादसहिता).* चौखम्बा विद्याभवन ।

राजाराम बोडास र शिवराम गोरै (सम्पा.)(सन् १९४५).*ऋग्वेदसंहिता (सायणभाष्यसहित).* बम्बई टेक्नोलोजिकल पब्लिकेसन फन्ड ।

राधेश्याम चतुर्वेदी (सम्पा.)(सन् २००२).*तन्त्रालोक.* चौखम्बा विद्याभवन ।

वेदव्यास, *भागवतमहापुराण* (२०४५), गीताप्रेस ।

श्यामाकान्त द्विवेदी (सम्पा.)(सन् २००५)*वरिवस्यारहस्य.* श्यामाकान्त द्विवेदी (सम्पा.), चौखम्बा सुरभारती प्रकाशन।

.................*श्रीमद्भगवद्गीता (शांकरभाष्य हिन्दी–अनुवादसहित)* (वि.सं. २०६३). *गीताप्रेस।*

सत्यव्रत सामश्री (सम्पा.)(सन् २००२) *शतपथब्राह्मण (माध्यन्दिनशतपथब्राह्मण–सायणभाष्यसहित १–९ भाग)* (द्वितीय संस्करण). नाग पब्लिसर्स।

Chakravarti,C.(1972AD).*Tantras : Studies on their religion and literature.* Punthi Pustak.

Colabarala,F.(1976).*Tantra–The erotic cult*. Orient Paperbacks.

Preston, J.(1980). *Cult of the goddess*. Vikas Publishing House.

Vasu, Srisa Chandra (Ed.&Trns.) *(1979 AD).Gheranda Samhita.* Sri Satguru Publications.

Hillebrandt,A.(Ed.)(1981AD). *Śāŋkhāyanaśrautasūtra.* Meharchand Lakshmandas Publications.